आठराई त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः .....    संख्याः .........    मितिः २०७९/०४/३१

भाग-२

आठराई त्रिवेणी गाउँपालिका

## आठराई त्रिवेणी गाउँपालिकाको स्थानीय भाषा संरक्षण गर्ने कार्यविधि, २०७९

आज्ञाले,
विजय इङ्नाम
प्रमुख प्रशासकीय अधिकृत

# आठराई त्रिवेणी गाउँपालिकाको स्थानिय भाषा संरक्षण गर्ने कार्यविधि, २०७९

गाउँपालिका अध्यक्षवाट प्रमाणीकरण मितिः २०७९/०४/३१

आठराई त्रिवेणी राजपत्रमा प्रकाशित मितिः २०७९/०४/३१

**प्रस्तावनाः-** आठराई त्रिवेणी गाउँपालिका स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ को (ज) ले दिएको अधिकार प्रयोग गरी आठराई त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाको वैठकले मिति २०७९ साल श्रावण ३१ गते यो "आठराई त्रिवेणी गाउँपालिकाको स्थानिय भाषा संरक्षण गर्ने कार्यविधि, २०७९" पारीत गरिएको छ ।

आठराई त्रिवेणी गाउँपालिका भित्रको स्थानिय भाषा संरक्षण गर्ने हेतुले आठराई त्रिवेणी गाउँपालिकाको गाउँ सभा अधिवेशनले विगत आर्थिक वर्षदेखी नै वार्षिक बजेट मार्फत कार्यक्रम बाँडफाँड गर्दै आएकोमा उक्त कार्यक्रम कार्यान्वयनमा एकरुपता, मितव्ययिता र पारदर्शिता समेत ल्याउने उद्देश्यले आठराई त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधिको तर्जुमा गरी लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम " आठराई त्रिवेणी गाउँपालिकाको स्थानिय भाषा संरक्षण गर्ने कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि आठराई त्रिवेणी राजपत्रमा प्रकाशन भएपछि आठराई त्रिवेणी गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ ।

२. परिभाषा र व्याख्याः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "गाउँपालिका" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले आठराई त्रिवेणी गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "कार्यविधि" भन्नाले "सामुदायिक विद्यालय मार्फत स्थानिय भाषा संरक्षण गर्ने कार्यविधि, २०७९" लाई सम्झनुपर्छ ।

(घ) "कार्यक्रम" भन्नाले गाउँपालिका क्षेत्रभित्रको स्थानिय भाषा संरक्षण गर्ने हेतुले गाउँ सभा वा कार्यपालिकाले रकम बाँडफाँड सहित विनियोजिन गरेको कार्यक्रम सम्झनुपर्छ ।

(ङ) "गाउँ सभा" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको गाउँ सभा अधिवेशनलाई सम्झनुपर्छ ।

(च) "छनौट समिति" भन्नाले यसै कार्यविधिको नियम ४ बमोजिमको समितिलाई सम्झनुपर्छ ।

(छ) "स्थानिय भाषा" भन्नाले स्थानिय स्तरमा जगेर्ना गर्नुपर्ने स्थानिय जातजातिको मातृभाषालाई सम्झनुपर्छ ।

प्रमाणित गर्दछु
दिपेन्द्र पौमु
अध्यक्ष

(ञ) "भाषा शिक्षक" भन्नाले कार्यपालिकावाट निर्णय गरे बमोजिम छनौट भएका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई स्थानिय भाषा अध्यापन गराउने गरी यसै कार्यविधिको नियम ७ बमोजिमको समितिले छनौट गरेको भाषा शिक्षकलाई सम्झनु पर्छ ।

(झ) "वडा समिति" भन्नाले आठराई त्रिवेणी गाउँपालिका क्षेत्रभित्रको वडा समितिलाई सम्झनुपर्छ ।

(ञ) "सामुदायिक विद्यालय" भन्नाले स्थानिय भाषा अध्यापन गराउने प्रयोजनार्थ कार्यपालिकाले छनोट गरेको सामुदायिक विद्यालयलाई सम्झनुपर्छ ।

३. <u>सामुदायिक विद्यालयको छनौट गर्नुपर्ने:</u> (१) गाउँ सभा अधिवेशनले स्थानिय भाषा संरक्षण गर्ने हेतुले विनियोजन गरेको कार्यक्रम कार्यान्वयन गर्न स्वीकृत वार्षिक बजेटवाट प्रत्येक वडाको एक सामुदायिक विद्यालय पर्ने गरी गाउँकार्यपालिकाले विद्यालय छनौट गर्नुपर्नेछ ।

४. <u>विज्ञापन गर्न अनुमति प्रदान गर्नुपर्ने:</u> गाउँकार्यपालिकाले विद्यालय छनौट गरी विद्यालयलाई विज्ञापन गर्न अनुमति दिनुपर्नेछ ।

५. <u>दरखास्त आव्हान गर्नुपर्ने:</u> छनौट भई विज्ञापन गर्न अनुमति प्राप्त गरेपछि सम्वन्धित विद्यालयले नियम (८) बमोजिम योग्यता खुलाई १५ दिनको म्याद दिई दरखास्त आव्हान गर्नुपर्नेछ ।

६. <u>परीक्षा केन्द्र र परीक्षा मिति सम्वन्धमा:</u> विज्ञापन गर्न अनुमति प्राप्त गरेका विद्यालयहरुले नेपाली नागरिकहरुवाट दरखास्त पेश गरेको फायलहरु दर्ता गरी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको संग समन्वय गरी परीक्षा मिति तोक्ने र परीक्षाको लागि सम्वन्धित विद्यालयले शिक्षा युवा तथा खेलकुद शाखा संग समन्वय गर्ने साथै परीक्षा केन्द्र आठराई त्रिवेणी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाले निर्धारण गरेको स्थानमा रहनेछ ।

७. <u>भाषा शिक्षक छनौट समितिको गठन, काम, कर्तव्य र अधिकार:</u> (१) स्थानिय भाषा संरक्षण गर्ने हेतुले उपनियम (३) बमोजिम छनौट गरिएको विद्यालयमा स्थानिय भाषा अध्यापन गराउने प्रयोजनार्थ गाउँपालिकामा देहाय बमोजिमको एक भाषा शिक्षक छनौट समिति रहनेछः

(क) सम्वन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष — संयोजक

(ख) गाउँपालिका शिक्षा शाखा प्रमुख — सदस्य

(ग) सम्वन्धि भाषामा ज्ञान भएको वा तालिम लिइ कम्तीमा प्रमाण पत्र तह उतिर्ण भएको व्यक्ति मध्ये गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखावाट छनौट गरेको दुई जना — सदस्य

(घ) सम्वन्धित विद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको भाषा शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) नियम (५) बमोजिम दरखास्त साथ पेश हुन आउने आवेदकहरु नियम (८) बमोजिम योग्यता पुगेका उम्मेद्वारलाई अन्तर्वार्ता र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षाद्वारा छनौट गर्ने र छनौट भएको उम्मेद्वारलाई नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्ने ।

प्रमाणित गर्छु
दिपेन्द्र पोमु
अध्यक्ष

८. **भाषा शिक्षकको योग्यताः** यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयमा स्थानिय भाषा अध्यापन गराउने भाषा शिक्षकको योग्यता देहाय बमोजिम हुनेछः

(क) अठार वर्ष उमेर पुरा भई चालिस वर्ष ननाघेको नेपाली नागरिक, तर महिलाको हकमा भने ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

(ख) प्रवेशिका वा सो सरहको परीक्षा उत्तीर्ण गरी सम्वन्धित स्थानिय भाषाको आधारभूत ज्ञान तथा तालिम लिएको,

(ग) कुनै नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नठहरिएको,

(घ) अन्य प्रचलित कानुनले अयोग्य नभएको ।

९. **भाषा शिक्षकले अध्यापन गराउनु पर्ने अवधीः** (१) भाषा शिक्षकले लिम्बु स्थानिय भाषा प्रधानाध्यापकले निर्धारण गरेको कक्षा र समय अनुसार अध्यापन गराउनुपर्नेछ साथै भाषा शिक्षणदेखि वाकी रहेको समय आवश्यकता अनुसार प्राथमिक तहको अन्य विषय पनि शिक्षण गर्नुपर्नेछ ।

१०. **भाषा शिक्षकले पाउने सेवा सुविधाः** यस कार्यविधि बमोजिम छनौट भएको भाषा शिक्षकलाई मासिक न्युनतम रु. १५०००।— (पन्ध्र हजार) का दरले १२ महिनाको तलव भत्ता चौमासिक रुपमा सम्वन्धित विद्यालयको खातामा निकाशा गर्नुपर्नेछ ।तर विद्यालयले अन्य सेवा, सुविधा र तलव भत्ता थप गर्न सक्नेछ।

११. **पाठ्यपुस्तक अनुदान सम्वन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम छनौट भएका विद्यालयहरुमा पठनपाठन गर्ने विद्यार्थीहरुको लागि आवश्यक पर्ने भाषाका पाठ्यपुस्तक गाउँपालिकाले खरिद गरी सम्वन्धित विद्यालयलाई उपलव्ध गराउने छ ।

१२. **अनुदान रकमको लेखापरीक्षण सम्वन्धी व्यवस्थाः** भाषा शिक्षकको तलव भत्ताका लागि निकाशा भएको रकमको लेखा परीक्षण सम्वन्धित विद्यालयले गर्नुपर्नेछ ।

१३. **वाधा अड्काउ फुकाउन सकिनेः** यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्था कार्यन्वयन गर्न कुनै द्विविधा वा वाधा अड्चन आइपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो द्विविधा वा वाधा अड्चन फुकाउन सक्नेछ ।

प्रमाणित गर्दछु।
दिपेन्द्र पोमु
अध्यक्ष

आज्ञाले
विजय इङनाम
प्रमुख प्रशासकीय अधिकृत

प्र.म. किरण कोलम्बु
०७३।०४।३१